प्रदेश सभा

# सामाजिक विकास समितिको

# वार्षिक प्रतिवेदन

आ.व. २०७५/२०७६

प्रदेश सभा

सामाजिक विकास समितिको सचिवालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

# सामाजिक विकास समितिका अध्यक्षज्यूको कर्णाली प्रदेश सभामा समितिको वार्षिक प्रतिवेदन प्रस्तुती मन्तव्य

**सभामुख महोदय,**

मुलुकको ऐन, कानून र नीति निर्माण र सर्वाङ्गिण विकासमा सम्बद्ध संस्था व्यवस्थापिकाको दायित्व, जिम्मेवारी र भूमिकाबारे हामी सबै चिरपरिचित छौं । विश्वव्यापी मान्यता अनुकूल कुनै पनि प्रदेश सञ्चालनको लागि ऐन कानूनको निर्माण, सरकारलाई निर्देशन तथा नियन्त्रण, नागरिकको प्रतिनिधित्वको साथै जनता र सरकारवीचको माध्यमको रुपमा कार्यरत विधायिकी संस्था वा संसदले आफ्नो भूमिका निर्वाह गरिरहेको हुन्छ । यतिमात्र होइन, सरकारको कार्यक्षेत्र भित्रको आन्तरिक सुव्यवस्थाका साथै दैवी विपत्तिमा समेत सरकारी दायित्व र निभाउनु पर्ने भूमिका संसदको क्षेत्राधिकार भन्दा बाहिर हुँदैन ।

यसैले संसदको क्षमता, जागरुकता र कार्य सम्पादनलाई राज्यका सबै निकाय र नागरिकले नियाली रहेका हुन्छन् । संसदको उद्देश्य र कार्यलाई सफलीभूत पार्नको लागि संविधान, ऐन, कानूनको परिधिभित्र रही एउटा छुट्टै व्यवस्थापिकाको गठन र सञ्चालन प्रक्रिया विश्वभरीका मुलुकहरुमा प्रचलित रहेको पाइन्छ ।

हाम्रो देशको सन्दर्भमा हेर्ने हो भने केन्द्रमा संघीय संसद र सात प्रदेशहरुमा सात प्रदेशसभाहरु रहेका छन् । यसै गरी सबै संसद तथा प्रदेश सभाको कामकारवाही सञ्चालन र व्यवस्थापनको लागि सचिवालयको स्थापना भई सञ्चालन हुँदै आएको छ । सभाको कामवारवाही व्यवस्थित र प्रभावकारी सम्पादनमा सहयोग पुऱ्याउन कर्णाली प्रदेश, प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ बमोजिम यस सभामा ४ वटा विषयगत समितिहरु गठन भएको सर्वविदितै छ ।

जसमा सामाजिक विकास समिति एक महत्वपूर्ण समिति हो । प्रदेशसभाबाट विधेयकमाथि दफावार छलफलको लागि समितिमा प्राप्त विधेयकहरुलाई परिमार्जन गरी परिस्कृत गर्नुका साथै प्रदेश सभाका अन्य कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यहरुलाई जागरुक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

**सभामुख महोदय,**

कर्णाली प्रदेश, प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ बमोजिम गठित यस समितिमा हाल ८ जना माननीय सदस्यहरु रहनु भएको छ । यस समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी विषयहरु रहेकाछन् ।

**सभामुख महोदय,**

यस समितिले गत आर्थिक वर्षमा सम्पादन गरेका विभिन्न कार्यहरुमा आधारित वार्षिक प्रतिवेदन सभा समक्ष पेश गर्ने प्रावधान बमोजिम यो गरिमामय सभा समक्ष सामाजिक विकास समितिको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक प्रतिवेदन पेश गर्न गइरहेको व्यहोरा निवेदन गर्दछु।

**सभामुख महोदय,**

यस समितिको पहिलो बैठक २०७५ साल वैशाख १७ गतेदेखि हालसम्म जम्मा ३० वटा बैठक सम्पन्न भएका र समितिमा प्राप्त भएका विधेयकहरु मध्ये सहकारी विधेयक छलफल भई पारित भइसको छ भने प्राङ्गारिक कृषिसम्वन्धी विधेयकको दफावार छलफल अन्तिम चरणमा पुगेको छ ।

**सभामुख महोदय,**

सामाजिक विकास समितिको बैठकमा कार्य क्षेत्रसँग सम्बन्धित मन्त्रालयका मन्त्रीज्यू, सचिवज्यू, विषय विज्ञहहरुलाई आमन्त्रण गरी ती मन्त्रालयले गरेका काम कारवाही तथा ती मन्त्रालयहरुबाट प्राप्त विधेयकहरुमा छलफल गरी आवश्यकतानुसार निर्देशन दिइएको छ भने, दिइएका निर्देशनहरुको कार्यान्वयन सम्वन्धमा आवश्यकतानुसार स्थलगत भ्रमण गरिएको थियो । समितिका काम, कारवाहीहरु अध्ययन अनुसन्धानमा आधारित हुन पर्ने तथा समितिले दिएका निर्देशनहरुको कार्यान्वयन प्रभावकारी हुन सके संसदीय समितिका निर्देशनहरुबाट सार्वजनिक क्षेत्रलाई समेत उत्तरदायी बनाउन सकिन्छ । आगामी दिनमा यस प्रकारका अध्ययन, अवलोकन र अनुगमन भ्रमणहरुला ई अरु प्रभावकारी बनाउन समिति सक्रिय रहनु पर्ने आवश्यकता महशुस गरिएको छ ।

**सभामुख महोदय,**

समितिलाई चुस्त दुरुस्त र व्यवस्थित गर्न समितिको बैठक संचालन कक्षमा अति आवश्यक साधन स्रोतको यथोचित व्यवस्थापन, आवश्यक बजेटको व्यवस्था, माननीय सदस्य एवम् सचिवालयका कर्मचारीहरुको समयानुकूल क्षमता अभिबृद्धि लगायत प्रशिक्षणको व्यवस्था, समितिको बैठकमा रेकर्डिंग प्रणाली, प्रत्यक्ष अभिलेखीकरण र सोसम्बन्धी दक्ष जनशक्तिको व्यवस्थाको साथै समितिमा कार्यरत कर्मचारीहरुलाई बिहान बेलुका बैठक बस्दा भत्ताको व्यवस्था गर्न आवश्यक देखिएको समेत सभामुखज्यू मार्फत यस सभालाई जानकारी गराउन चाहन्छु ।

**सभामुख महोदय,**

अन्तमा, समितिको कार्य सम्पादनमा निरन्तर सहयोग पुऱ्याउनु हुने माननीय सभामुखज्यू, माननीय उप-सभामुखज्यू, समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । त्यस्तै समितिलाई विभिन्न तवरबाट सहयोग पुऱ्याउनु हुने कर्णाली प्रदेश सभाका सचिव श्री जीवराज बुढाथोकी, सामाजिक विकास समितिका सचिव श्री राजेन्द्र पौडल लगायत सचिवालयमा कार्यरत कर्मचारीहरु एवम् समितिको कार्यक्षेत्र भित्रका मन्त्रालय/आयोग/सचिवालय, विषय विज्ञहरु, सञ्चारकर्मी, विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय दातृ संघ-संस्थाहरु, नागरिक समाज लगायत जनसमुदायमा समितिको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छु । धन्यवाद ।

(मा. राजु नेपाली)
अध्यक्ष
सामाजिक विकास समिति
कर्णाली प्रदेश, नेपाल

| प्रदेश सभा सचिवालय | | |
|---|---|---|
| क्र.सं. | पद | नाम, थर |
| १ | प्रदेश सभा सचिव | जीवराज बुढाथोकी |
| समिति सचिवालयका कर्मचारीहरू | | |
| १ | समिति सचिव | राजेन्द्र पौडेल |
| २ | सहायक स्तर पाँचौ | कल्पना गौली |
| ३ | सहायक स्तर पाँचौ | खड्क बहादुर दमाई |
| ४ | कार्यालय सहयोगी | गणेश प्रसाद देवकोटा |

# विषयसूची


| क्र.सं. | विषय | पेज नम्वर |
|---|---|---|
| १ | परिचय | १ |
| २ | समितिको गठन प्रक्रिया | १ |
| ३ | समितिको काम, कर्तव्य र अधिकार | २ |
| ४ | समितिको कार्य क्षेत्र | २ |
| ५ | क. सामाजिक विकास मन्त्रालय | ३ |
| ६ | ख. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | ६ |
| ७ | समितिले गरेका हालसम्मका काम कारवाही तथा निर्णयहरु | ७ |
| ८ | समितिमा दफाबार छलफल भई पारित भएका विधेयकहरु | १३ |
| ९ | समितिले सञ्चालन गरेका केही कार्यक्रमहरु | १३ |
| १० | समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरु | १६ |
| ११ | उपसंहार | १६ |

# प्रदेश सभा
# कर्णाली प्रदेश
# सामाजिक विकास समितिको
# वार्षिक प्रतिवेदन, २०७५/०७६

## १. परिचयः

लोकतान्त्रिक शासन व्यवस्थामा राज्य शक्तिको स्रोत जनता हुने र जनतामा निहित सार्वभौमसत्ताको प्रयोग जनप्रतिनिधिहरुद्वारा गरिन्छ । संसदीय शासन प्रणालीमा संसदको भूमिकालाई प्रभावकारी बनाई नियमित तथा आकस्मिक कार्यहरुलाई निरन्तर अगाडि बढाउन संसदका सदस्यहरु मध्येबाट तोकिएका सदस्यहरु रहने गरी विभिन्न संसदीय समितिहरु गठन गरिन्छन् ।

संसदीय समितिले संसदका गतिविधिहरुलाई सरल तथा छिटोछरितो तुल्याउने एवम् सरकारलाई संसदप्रति जिम्मेवार तथा जवाफदेही बनाउने कार्यमा सहजता प्रदान गर्ने हुँदा यसलाई लघु संसद (Mini Parliament) पनि भन्ने गरिन्छ । कर्णाली प्रदेश, प्रदेश सभा नियमावलीको परिच्छेद १९ को नियम १४५ मा ४ वटा विषयगत समिति रहने व्यवस्था रहेको छ । ती विषयगत समितिहरुमध्ये सामाजिक विकास समिति प्रदेश सभाको एउटा महत्वपूर्ण समिति हो ।

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरूलाई परिमार्जन गरी परिस्कृत गर्नका साथै प्रदेश सभाका अन्य कार्यहरुलाई व्यवस्थित र प्रभावकारी रुपमा सम्पादन गर्न, प्रदेशका काम कारवाहीप्रति प्रदेश सभाका सदस्यलाई जागरुक, जिम्मेवार तुल्याउन र प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी बनाउन, राज्यका हरेक नागरिकलाई शिक्षित र स्वस्थ बनाउन सके विकास र सामाजिक रुपान्तरणमा सघाउ पुग्ने हुँदा सो सन्दर्भमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

## २. समितिको गठन प्रक्रियाः

सभामुखद्वारा मनोनयन भएका माननीय सदस्यहरु र सदस्यहरुले आफूमध्ये छानेको अध्यक्ष समेतवाट समिति गठन हुन्छ तर यस समितिमा हालसम्म जेष्ठ सदस्यले अध्यक्षता गर्दै आउनु भएको छ । सभामुखद्वारा सदस्यहरु मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ । सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य संख्या, महिला, दलित, आदिवासी/जनजाति, खस, आर्य मधेसी, थारु, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदायसमेतको प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली २०७४ ले गरेको छ ।

समितिमा देहाय बमोजिम ८ जना माननीय सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| मा० राजु नेपाली | अध्यक्ष |
| मा० कृष्णशाह (आचार्य) | सदस्य |
| मा० कौशिलावती खत्री | सदस्य |
| मा० पदमा खड्का | सदस्य |
| मा० ठम्मरबहादुर विष्ट | सदस्य |

| | |
|---|---|
| मा० यज्ञबहादुर वि.सी. | सदस्य |
| मा० रातो कामी | सदस्य |
| मा० शुसिल कुमार थापा | सदस्य |

## ३. समितिको काम, कर्तव्य र अधिकार

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरूलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकारलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजम रहेका छन् ।

(१) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग र निकायसंग सम्बन्धित बिधेयकहरुमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।

(२) मन्त्रालय अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशनसहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(३) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनलाई पूरा गर्न कर्णाली प्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(४) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानूनबमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(५) मन्त्रालय अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

(६) बैठकले सुम्पेको अन्य काम गर्ने ।

(७) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधिनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## ४. समितिको कार्य क्षेत्रः

सामाजिक विकास समितिको क्षेत्रभित्र सामाजिक विकास मन्त्रालय, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, श्रम, सामाजिक न्याय र मानव अधिकारसम्वन्धी क्षेत्राधिकार रहेको छ ।

जुन निम्न बमोजिम मन्त्रालयहरु र सो अन्तर्गतका विभाग तथा निकायहरु पर्दछन् जसको कार्य विवरण देहाय अनुसार रहेको छ :

## क. सामाजिक विकास मन्त्रालय र अन्य निकायहरुः

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| १ | प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | शैक्षिक परामर्श सेवाको मापदण्ड निर्धारण, अनुमति तथा नियमन |
| ३ | प्रदेशस्तरमा पुस्तकालय, संग्रहालय, अभिलेखालयसम्वन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ४ | प्रादेशिक शिक्षा, प्राविधिक तथा व्यवसायिक तालिम र छात्रवृत्तिसम्वन्धी नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन तथा पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री निर्माण, उत्पादन र वितरण |
| ५ | प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन |
| ६ | प्रदेशस्तरमा विद्यालय तहको शिक्षकको सेवा शर्त, योग्यता, क्षमता र शिक्षक व्यवस्थापनको मापदण्ड निर्धारण र नियमन |
| ७ | माध्यमिक तहको परीक्षा व्यवस्थापन |
| ८ | प्रदेशस्तरमा प्राज्ञिक अनुसन्धान तथा शैक्षिक तथ्याङ्क व्यवस्थापन |
| ९ | स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| १० | प्रदेशस्तरमा आवश्यक पर्ने प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक तथा पुर्नस्थापनात्मक स्वास्थ्य सेवाको व्यवस्थापन |
| ११ | स्वास्थ्य सेवासम्वन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यवसायिक र पेसागत संघ संस्थाको दर्ता, सञ्चालन अनुमति र नियमन |
| १२ | प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, अनुगमन र नियमन |
| १३ | राष्ट्रिय मापदण्ड बमोजिम औषधिजन्य तथा स्वास्थ्य प्रविधिसम्वन्धी सामग्रीको उत्पादन तथा संचय, अधिकतम खुद्रा मूल्य निर्धारण, अन्तिम बिसर्जन, गुणस्तर तथा मापदण्ड निर्धारण र त्यस्ता सामग्री उत्पादन गर्ने उद्योगको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १४ | राष्ट्रिय मापदण्ड अनुरुप अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र, उपचार केन्द्र र अन्य स्वास्थ्य संस्था तथा प्रयोगशालाको दर्ता, सञ्चालन, अनुमति र नियमन |
| १५ | खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन |
| १६ | राष्ट्रिय मापदण्ड बमोजिम स्वास्थ्य बीमा लगायतका सामाजिक स्वास्थ्य सुरक्षा कार्यक्रमको व्यवस्थापन तथा नियमन |
| १७ | प्रदेशस्तरीय स्वास्थ्य क्षेत्रको मानवस्रोत विकास र व्यवस्थापन |
| १८ | औषधी निगरानी (Pharmacy vigilance), औषधिको उचित प्रयोग र सुक्ष्म जीव निरोधक प्रतिरोध (Antimicrobial Resistance) न्युनीकरण |
| १९ | खोप र परिवार नियोजन |
| २० | संवेदनशील औषधी तथा अन्य स्वास्थ्य सामग्री खरीद तथा आपूर्ति व्यवस्थापन |

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| २१ | प्रदेशस्तरमा स्वास्थ्य सेवासम्बन्धी अध्ययन तथा अनुसन्धान तथा सूचना प्रणाली, स्वास्थ्य लेखा पद्धतिको संस्थागत व्यवस्थापन, सूचना प्रवाह |
| २२ | प्रदेशस्तरीय जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) व्यवस्थापन |
| २३ | स्वास्थ्य क्षेत्रमा आपतकालीन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन |
| २४ | सरूवा तथा नसर्ने रोग नियन्त्रण तथा रोकथाम |
| २५ | राष्ट्रिय मापदण्ड अनुरुप स्वास्थ्य सेवासम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन |
| २६ | स्वास्थ्यजन्य फोहोर व्यवस्थापनसम्वन्धी मापदण्ड निर्धारण, कार्यान्वियन र नियमन |
| २७ | आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका अन्य प्रचलित परम्परागत स्वास्थ्य उपचार सेवासम्वन्धी प्रदेशस्तरीय मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियमन |
| २८ | प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी प्रदेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, सम्भार र नियमन |
| २९ | खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धनसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वियन र नियमन |
| ३० | सर्वसाधारणलाई स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता |
| ३१ | जनसंख्या, बसाइसराइ र परिवार नियोजनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन तथा अनुसन्धान, सूचना प्रणालीको स्थापना र सञ्चालन, क्षमता अभिवृद्धि र राष्ट्रिय संस्थाहरुसँगको सम्पर्क र समन्वय |
| ३२ | महिला हकसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३३ | लैङ्गिक हिंसा, मानव बेचबिखन तथा ओसार पसारसम्वन्धी नीति तथा कार्ययोजना तर्जुमा र कार्यान्वयन तथा अन्तराष्ट्रिय सन्धि, सम्झौता र प्रतिवद्धताको कार्यान्वयन, निरोधात्मक र संरक्षणात्मक उपाय र पुनर्स्थापना |
| ३४ | महिला सशक्तिकरण तथा लैङ्गिक समानतासम्बन्धी अध्ययन, अनुसन्धान |
| ३५ | लैंगिक उत्तरदायी वजेट र लैङ्गिक परीक्षण |
| ३६ | बालबालिकाको हकहित संरक्षणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, अध्ययन, अनुसन्धान, बालमैत्री शासकीय प्रवन्ध र सेवा प्रवाह, बाल उद्धार कोष व्यवस्थापन र बाल सुधार तथा पुर्नस्थापना |
| ३७ | प्रदेशस्तरमा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्त, बालबालिका र महिलासम्बन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| ३८ | समाज कल्याण र संघ सस्थासम्वन्धी कार्यहरुको अनुगमन तथा मूल्याङ्कन |
| ३९ | युवासम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन |

| सि.नं. | कार्य जिम्मेवारीहरू |
|---|---|
| ४० | खेलकूदसम्वन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन, खेलकूद तथा खेलकूद पूर्वाधारको विकास र प्रवर्द्धन |
| ४१ | खेलकूद प्रशासन र संघ संस्थाको समन्वय र नियमन |
| ४२ | राष्ट्रिय र प्रादेशिक खेलकुद प्रतियोगिता तथा कार्यक्रम आयोजना र सहभागिता |
| ४३ | लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवाससम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन |
| ४४ | सामाजिक सुरक्षासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको निर्माण तथा कार्यान्वयन, कोष व्यवस्थापन, नियमन, राष्ट्रिय र प्रादेशिक निकाय तथा संघ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य |
| ४५ | प्रदेश भित्र रोजगारी प्रवर्द्धनसम्बन्धी नीति, योजना, कार्यक्रम तथा मापदण्ड तर्जुमा तथा कार्यान्वयन र स्थानीय सरकारसंग समन्वय |
| ४६ | विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थलसम्बन्धी |
| ४७ | भाषा, लिपि संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्वन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४८ | ऐतिहासिक, धार्मिक, साँस्कृतिक एवं कला र वास्तु कलात्मक दृष्टिकोणले महत्व बोकेका प्रादेशिकस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन |
| ४९ | प्रादेशिकस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन |
| ५० | प्रदेशस्तरका पुरातात्विक महत्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, सास्कृतिक धरोहरसम्वन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन एवम् संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान, उत्खनन तथा पुर्ननिर्माण |
| ५१ | धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन |
| ५२ | संस्कृतिको विकाससम्वन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन |
| ५३ | रोजगार प्रवर्द्धनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ५४ | श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र नियमन |
| ५५ | श्रमशक्ति, श्रम बजारसम्बन्धी अध्ययन, अनुसन्धान र श्रमशक्ति योजना |
| ५६ | औद्योगिक विवाद समाधान, श्रम सम्बन्धमा सुधार र न्यायिक निरुपण |
| ५७ | कार्यस्थल सुरक्षा, कारखाना निरीक्षण तथा नियमन |

## ख. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

| सि.नं. | कार्यजिम्मेवारीहरू |
|---|---|
| १ | कृषि, पशु विकास तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २ | कृषि तथा पशुपक्षीजन्य रोग, कीरा एवं महामारी नियन्त्रण |
| ३ | कृषि औद्योगिकीकरण र पशुपक्षी उद्योग व्यवसायको विकास तथा प्रबर्द्धन |
| ४ | कृषि तथा पशु यान्त्रिकीकरण र उन्नत औजार विकास तथा विस्तार |
| ५ | कृषि तथा पशु रोग निदान प्रयोगशाला व्यवस्थापन र नियमन |
| ६ | कृषि उपज, कृषिजन्य बस्तु, पशुपक्षी, पशुपक्षीजन्य पदार्थ र पशु उत्पादन सामग्री तथा बिउ बिजन एवम् नश्लसम्बन्धी सेवा र प्रविधिको गुणस्तर निर्धारण, सम्बद्धता निर्धारण, स्तरीयकरण, प्रमाणीकरण र नियमन |
| ७ | प्रादेशिक खाद्य सुरक्षा, खाद्य अधिकार, खाद्य सम्प्रभुता र खाद्य गुणस्तर |
| ८ | कृषि तथा पशुपक्षी एवं खाद्य प्रविधिसम्वन्धी अध्ययन, अनुसन्धान एवम् विकास तथा प्रवर्द्धन, तथ्याङ्क प्रणालीको व्यवस्थापन र स्रोत संरक्षण |
| ९ | कृषि मल, बिऊ र बिषादी आपूर्ति व्यवस्था र नियमन |
| १० | कृषि प्रसार, कृषक तालिम तथा क्षमता विकास र सशक्तिकरण |
| ११ | कृषि उपजको न्यूनतम समर्थन मूल्य कार्यान्वयन |
| १२ | कृषि तथा पशुपक्षी बीमासम्वन्धी नीति तथा योजना तर्जुमा र कार्यान्वयन |
| १३ | कृषि बजार, पूर्वाधार र कृषि फार्म केन्द्रहरुको विकास, विस्तार तथा सञ्चालन |
| १४ | राष्ट्रिय नीति र मापदण्ड बमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन |
| १५ | सामुहिक खेती तथा कृषि करार खेतीको कार्यान्वयन र प्रबर्द्धन |
| १६ | चरन तथा खर्कसम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन |
| १७ | कृषिजन्य र पशुपक्षीजन्य औषधि, बिषादी र सूक्ष्म पोषणतत्वयुक्त बस्तुको उपयोग र व्यवस्थापनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन तथा उत्पादन, उपयोग र बिक्री वितरणको अनुमति, अनुगमन र नियमन |
| १८ | भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्ला बन्दीसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन |
| १९ | निजी, सरकारी तथा सार्वजनिक जग्गाको प्रादेशिक अभिलेख व्यवस्थापन |
| २० | जग्गादर्ता, रजिष्ट्रेशन, जग्गाधनी प्रमाण पुर्जा, दाखिल खारेज, स्वामित्व हस्तान्तरणसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन |
| २१ | संघीय सरकारबाट प्राप्त हुने नक्सा, भौगोलिक सूचना र अभिलेख तथा प्रदेश भित्रको नाप नक्सा र अभिलेखको व्यवस्थापन |
| २२ | नाप नक्साका नियन्त्रण विन्दुहरुको सञ्जाल स्थापना |
| २३ | क्रमबद्ध कित्ता नापी र भूमि लगतसम्वन्धी मापदण्ड र कार्यान्वयन |

| सि.नं. | कार्यजिम्मेवारीहरू |
|---|---|
| २४ | भूमिहीन सुकुम्वासी, दलित, मुक्त कमैया, हलिया, हरवा चरवा आदि वर्गको बसोबास, जीविकोपार्जन र पुनर्स्थापनासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| २५ | सरकारी जग्गा भाडामा दिनेसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | सुरक्षित बसोवास र जग्गा एकीकरणसम्बन्धी नीति कार्यान्वयन |
| २७ | गुठी तथा गुठी जग्गा व्यवस्थापनसम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा गुठी तथा गुठी जग्गाको संरक्षण, अभिलेख व्यवस्थापन र संघीय तथा स्थानीय तहसँग समन्वय |
| २८ | गरिवी निवारणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड एवम् योजनाको तर्जुमा, कार्यान्वयन र नियमन तथा अध्ययन, अनुसन्धान, सर्वेक्षण, सूचना संकलन, गरिब घरपरिवार पहिचान, सामाजिक सुरक्षा र संरक्षण |
| २९ | सहकारी संस्था, सहकारी संघ तथा सहकारी बैंकसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, नियमन, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान |
| ३० | सहकारी बचत तथा ऋण परिचालनसम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण र नियमन |
| ३१ | सहकारी सम्बन्धमा संघीय, अन्तर प्रादेशिक र स्थानीय तहका संघ संस्थासँग समन्वय र सहकार्य |
| ३२ | सहकारी क्षेत्रको विकास तथा प्रवर्द्धन, क्षमता अभिवृद्धि र परिचालन |
| ३३ | "जलचर तथा जलीय जीवको संरक्षण, व्यवस्थापन, दिगो उपयोगिता र सोबाट प्राप्त लाभांशको समन्यायीक बितरणसम्बन्धी नीति, ऐन, नियम, मापदण्ड, योजना तर्जुमा र नियमन" |

## ५. समितिले गरेका हालसम्मका कामकारवाही तथा निर्णयहरुः

समितिको गठन यता हालसम्म जम्मा ३० वटा बैठक सम्पन्न भएका छन् । जसमध्ये आ.व. २०७४/०७५ मा समिति स्थापना भए पश्चात मिति २०७५ वैशाख १७ गते र मिति २०७५ आषाढ २० गते गरी जम्मा २ वटा बैठक बसेको थियो भने आ.व. २०७५/०७६ मा बैठक संख्या ३ देखि ३० सम्म गरी जम्मा २८ वटा बैठकहरु सम्पन्न भएका छन् । समितिले यस अवधिमा गरेका उल्लेखित बैठकहरुले गरेका काम कारवाही तथा निर्णयहरु निम्नानुसार रहेका छन्:

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| १ | १ | २०७५/०१/१७ | १. कर्णाली प्रदेश सभा नियमावली, २०७४ को नियम १४५ मा यस समितिलाई तोकिएका कार्यक्षेत्रहरुको विषयमा माननीय सदस्यहरुबीच छलफल गरियो । समितिलाई तोकिएको कार्यक्षेत्रको सम्वन्धमा आगामी दिनमा सम्पूर्ण सदस्यहरुले आ—आफ्नो तर्फबाट सक्रिय भूमिकासहित |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| | | | सहभागिता जनाई कार्य सम्पादन गर्ने प्रतिवद्धता व्यक्त गरियो ।<br>२. यस समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गरियो । |
| २ | २ | २०७५/०३/२० | १. यस सामाजिक विकास समितिमा सभाबाट छलफलको लागि पठाइएको विधेयकका विषयमा आ–आफ्नो धारणा राखी छलफल गरियो ।<br>२. सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ को सम्वन्धमा संशोधनको सूचना दर्ता गर्नु भएका मा. सदस्यहरुसँग र विधेयक टेवुल गर्नु भएका मा. मन्त्रीलाई आमन्त्रण गरी आगामी बैठकमा छलफल गर्ने निर्णय गरियो ।<br>३. अर्को बैठक समितिको अध्यक्ष र सदस्यबीच समन्वय गरी तय गरिने निर्णय भयो । |
| ३ | ३ | २०७५/०४/१७ | १. माननीय श्री जीवन बहादुर शाही, विपक्षी दलको नेताबाट प्राप्त सामाजिक विकास समितिको आन्तरिक कार्यविधि २०७५ को मस्यौदालाई केही परिमार्जन गरी कार्यविधि बनाउन माननीय सुशील कुमार थापा, माननीय पद्मा खड्का र सामाजिक विकास समितिको सचिव रहने गरी ३ (तीन) सदस्यीय कार्य टोली गठन गर्ने निर्णय भयो ।<br>२. प्रदेश सभाबाट सामाजिक विकास समितिमा पठाइएको र सोमा माननीय सदस्यहरुबाट संशोधनको सूचना पेश गर्नु भएको कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७५ को विधेयकमा समितिका पदाधिकारी र आमन्त्रित सदस्यहरु, माननीय सामाजिक विकास मन्त्री लगायतका बीच संशोधनमा परेका विषयमा बुँदागत छलफल गरी परिमार्जन गर्ने, संघको कानून, संविधानमा भएको व्यवस्थाका विषय र ऐन, कानूनसँग बाझिएको विषयहरुमा समन्वय गरी कार्य अगाडी बढाउने निर्णय भयो । साथै उक्त विधेयकको संशोधनसहित सभामा प्रस्तुत गर्ने निर्णय गरियो ।<br>३. समितिको अर्को बैठक समितिको अध्यक्ष र सदस्यबीच समन्वय गरी मिति तय गरिने निर्णय भयो । |
| ४ | ४ | २०७५/०४/२६ | १. यस समितिको मिति २०७५ श्रावण १७ गते बिहीबार विहान ८ बजे बसेको बैठकको निर्णयबाट सामाजिक विकास समितिको आन्तरिक कार्य विधि २०७५ को मस्यौदालाई छलफल गरी अन्तिम रुप दिन समितिका |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| | | | सदस्य मा. पद्मा खड्का, मा. सुशील कुमार थापा र समितिका सचिव, सचिव रहने गरी ३ (तीन) सदस्यीय टोली गठन भई समितिका सदस्यले तयार पारेको रिपोर्टलाई अन्तिम रुपम दिई २०७५ श्रावण २६ गतेदेखि नै उक्त आन्तरिक कार्यविधि कार्यान्वयन गर्ने निर्णय गरियो ।<br>२. कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७५ को सम्वन्धमा दफाबार छलफल गरी संशोधनसहित पारित गरिएको उक्त विधेयकलाई प्रदेश सभाको आगामी बैठकमा प्रतिवेदनसहित प्रस्तुत गर्ने निर्णय भयो ।<br>३. आगामी बैठक समितिका अध्यक्ष र सदस्य बीच समन्वय गरी मिति र समय तय गर्ने निर्णय भयो । |
| ५ | ५ | २०७५/०५/०२ | १. प्रदेश सभाबाट सामाजिक विकास समितिमा पठाइएको कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा कर्णाली प्रदेशका विभिन्न जिल्लाका सहकारीकर्मी तथा सरोकारवालाहरुसँग तपसिल बमोजिमको मिति, समय र स्थानमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नेः<br>तपसिल<br>(क) मितिः २०७५ भाद्र ११ गते<br>जिल्लाः रुकुम<br>(ख) मितिः २०७५ भाद्र १४ गते<br>जिल्ला जुम्ला |
| ६ | ६ | २०७५/०६/०२ | १. प्रदेश सभाबाट सामाजिक विकास समितिमा पठाइएको कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ उपर जनताको राय तथा परामर्श लिन सुर्खेत जिल्लामा जिल्ला स्थित सहकारीकर्मी तथा सरोकारवालाहरुसहितको जन सहभागिता सुनिश्चित हुने गरी UNDP सँगको सहकार्यमा तपसिलको मिति, समय र स्थानमा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ उपर जनपरामर्श कार्यक्रम सञ्चालन गर्ने । कार्यक्रमका लागि आवश्यक सम्पूर्ण Logistic Support र सहजिकरणका लागि विशेषज्ञ सहयोग UNDP ले गर्ने र समावेशीताको आधारमा सहभागिहरुको छनौट तथा पत्राचारका लागि सामाजिक विकास समितिको सचिवालयले आवश्यक समन्वय गर्ने । |
| ७ | ७ | २०७५/०६/१४ | १. समितिमा रहेको कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि मा. सीता कुमारी नेपाली र मा. देवी ओलीले पेश |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| | | | गर्नु भएको संशोधन प्रस्तावको सूचना तथा कर्णाली प्रदेशका रुकुम (पश्चिम), जुम्ला र सुर्खेतमा सञ्चालन गरिएको सुझाव संकलन कार्यक्रममा प्राप्त सुझावका सम्वन्धमा सामान्य छलफल गरियो । संशोधन प्रस्ताव तथा सुझावका सम्वन्धमा थप अध्ययन गरी मिति २०७५ असोज १८ गते बिहान ८ बजे पुनःबैठक बस्ने निर्णय गरियो । |
| ८ | ८ | २०७५/०६/१८ (विहान ८ बजे) | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा संशोधनको सूचन पेश गर्नु भएका माननीय तथा भूमि व्यवस्था तथा कृषि तथा सहकारी मन्त्रालयका प्रतिनिधिसँग संशोधनका सम्वन्धमा राय संकलन तथा छलफल गरियो । संशोधनकर्ता माननीय सीता कुमारी नेपालीज्यूसँग समेत उहाँले पेश गर्नु भएका संशोधनका सूचनामा राय लिन समितिको अर्को बैठक मिति २०७५ असोज २२ गते बिहान ८ बजे बस्ने निर्णय गरियो । |
| ९ | ९ | २०७५/०६/१८ (दिउँसो ११ बजे) | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा संशोधनको सूचना पेश गर्नु भएका माननीय देवी ओलीज्यूले राख्नु भएको धारणा र मन्त्रालयका प्रतिनिधिले राख्नु भएका विषयबस्तुहरुमा छलफल गरियो । |
| १० | १० | २०७५/०६/२२ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि जनताबाट ल्याइएका सुझावहरु, विज्ञका सुझावहरु र संशोधनका सूचना (प्रस्ताव) समेत समेटी विधेयक उपर व्यापक छलफल गरी आवश्यक संशोधन प्रस्ताव तयार गरी सभामुखज्यू समक्ष पेश गर्ने निर्णय गरियो । |
| ११ | ११ | २०७५/०६/२४ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा प्राप्त सुझाव तथा संशोधन प्रस्तावहरुका सम्वन्धमा छलफल गरियो । |
| १२ | १२ | २०७५/०८/०१ | १. हुम्ला जिल्लामा सामाजिक परम्परा, धार्मिक अन्धविश्वास तथा कुरितीका कारण हुने महिला हिंसासम्वन्धी संसदीय निगरानी कार्यक्रम आयोजना गर्नेसम्वन्धी माननीय अध्यक्षज्यूले राख्नु भएको प्रस्तावमा समितिका माननीय सदस्यहरुलेआ—आफ्नो धारणाराख्नुभयो ।उक्त कार्यक्रमका सम्वन्धमा ठोस निर्णय हुन नसकी बैठक बिना निश्कर्ष टुङ्गियो । |
| १३ | १३ | २०७५/११/११ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा प्राप्त सुझाव तथा संशोधन प्रस्तावहरुका सम्वन्धमा छलफल गरियो । |
| १४ | १४ | २०७५/११/१२ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा प्राप्त सुझाव तथा संशोधन प्रस्तावहरुका सम्वन्धमा छलफल गरियो । |
| १५ | १५ | २०७५/११/१३ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ मा प्राप्त सुझाव |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| | | | तथा संशोधन प्रस्तावहरुका सम्वन्धमा छलफल गरियो । |
| १६ | १६ | २०७५/१२/०५ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ को सम्वन्धमा दफाबार छलफल, जनपरामर्श गरी संशोधनसहित पारित गरिएको उक्त विधेयकलाई प्रदेश सभाको आगामी बैठकमा प्रतिवेदनसहित पेश गर्ने निर्णय गरियो ।<br>२. मिति २०७५/१२/०५ गते उक्त विधेयकका सम्वन्धमा गरिएका कामका सम्वन्धमा २:३० मा प्रदेशसभा हलमा पत्रकार सम्मेलन गर्ने निर्णय गरियो । |
| १७ | १७ | २०७५/१२/१६ | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ को प्रतिवेदनमाथि थप छलफल गरी निश्कर्षमा पुग्न अर्को बैठक बस्ने निर्णय गरियो । |
| १८ | १८ | २०७५/१२/१७ (विहान ७:३० बजे) | १. कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ माथि समितिबाट पारित संशोधनसहितको प्रतिवेदन माननीय सभामुखज्यू समक्ष पेश गर्ने । |
| १९ | १९ | २०७५/१२/१७ (विहान ९:०० बजे) | १. कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ माथि छलफल गरियो । |
| २० | २० | २०७५/१२/१८ (विहान ७:०० बजे) | १. नेपालको संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएको क्रमशः प्रदेशको अधिकार सूची, संघ र प्रदेशको साझा अधिकार सूची र संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा सामाजिक संघ संस्था उल्लेख भएको नदेखिएकोले र नेपालको संविधानको अनुसूची ५ को क्रम संख्या ३५ मा संघ, प्रदेश र स्थानीय तहको अधिकारको सूचीमा वा साझा सूचीमा उल्लेख नभएको कुनै पनि विषय तथा यो संविधान र संघीय कानूनमा नलेखिएका विषय संघको अधिकार हुने व्यवस्था भएकोले "सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४" प्रदेश सभाको क्षेत्राधिकार भित्र पर्नेमा द्विविधा देखिएको हुँदा सोको निर्णय माननीय सभामुखज्यूबाटै हुन समितिमा रहेको उक्त विधेयक फिर्ता पठाउने निर्णय गरियो। |
| २१ | २१ | २०७५/१२/१८ (विहान ८:०० बजे) | १. कर्णाली प्रदेश प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल भयो ।<br>२. विधेयक माथि संशोधनकर्ता माननीयज्यूहरुलाई आगामी बैठकमा छलफलको लागि आमन्त्रण गर्ने । |
| २२ | २२ | २०७५/१२/२० | १. समितिको बैठक बस्न माननीय सदस्यहरुको गणपुरक संख्या नपुगेकोले बैठक स्थगित भयो । |
| २३ | २३ | २०७६/०१/११ | १. कर्णाली प्रदेश प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्थाप गर्न बनेको विधेयक, २०७५ माथि बृहत छलफल गर्न सम्वन्धित क्षेत्र |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| | | | (प्राङ्गारिक कृषि) मा विज्ञता हासिल गरेका विज्ञहरु बोलाई विज्ञहरुसँग समितिमा छलफल गर्ने निर्णय गरियो ।<br>२. सामाजिक विकास मन्त्रालय र भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयमा आ.व. २०७५/०७६ को हालसम्म भए गरेका कामहरुको विवरण माग गर्ने । |
| २४ | २४ | २०७६/०२/०७ | १. सामाजिक विकास समितिलाई आ.व. २०७६/०७७ का लागि आवश्यक पर्ने बजेट सम्वन्धमा छलफल भयो । सोही सम्वन्धमा २०७६ जेष्ठ १५ गते भित्र बजेट निर्माण गर्ने निर्णय गरियो । |
| २५ | २५ | २०७६/०२/१६ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ मा छलफल भई संशोधनकर्ता माननीयज्यूहरुलाई २०७६ जेष्ठ १७ गते बिहान ७ बजे आमन्त्रण गर्ने ।<br>२. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिवज्यूलाई २०७६ जेष्ठ १७ को बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो । |
| २६ | २६ | २०७६/०२/१७ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि संशोधनकर्ता माननीयज्यूहरु, सम्वन्धित मन्त्रालयका सचिव र कृषि विज्ञहरुसँग बसी छलफल भयो ।<br>२. सो सम्वन्धमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री माननीय बिमला के.सी.ज्यू, सचिवज्यू, संशोधनकर्ता माननीयज्यहरुलाई मिति २०७६ जेष्ठ १८ गते दिउँसो २ बजे आमन्त्रण गरी बैठक बस्ने निर्णय गरियो । |
| २७ | २७ | २०७६/०२/१८ | १. प्राङ्गारिक कृषिसम्वन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि माननीय कृषि मन्त्रीज्यू, संशोधनकर्ता माननीयज्यूहरु, कृषि विज्ञहरुसँग व्यापक छलफल भयो, सहमति हुन बाँकी बुँदा तथा दफामा अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो । |
| २८ | २८ | २०७६/०३/०२ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल भयो । समितिको अर्को बैठकमा संशोधनकर्ता माननीयज्यूहरुलाई पुनः आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो । |
| २९ | २९ | २०७६/०३/१७ | १. प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि छलफल गर्ने कार्यसूची रहेकोमा संशोधनकर्ता माननीयज्यूहरुको समय अभावका कारण उपस्थित हुन नसक्नु भएको हुँदा सो विधेयकको छलफल आजको बैठकमा अगाडी नबढाउने निर्णय गरियो । |

| क्र.सं. | बैठक संख्या | मिति | काम कारवाहीहरु/निर्णयहरु |
|---|---|---|---|
| | | | २. सामाजिक विकास समितिको आ.व. २०७५/०७६ को हालसम्म भए गरेका काम कारवाही र समितिको बैठकको गतिविधि समेटेर तयार पारिएको प्रतिवेदन माथि छलफल भयो । र, थप छलफल समितिको अर्को बैठकमा गर्ने निर्णय गरियो ।<br>३. यस समितिको अर्को बैठक मिति २०७६ असार १८ गते बिहान ७ बजे बस्ने निर्णय गरियो । |
| ३० | ३० | २०७६/०३/१८ | १. सामाजिक विकास समितिको आ.व. २०७५/०७६ को वार्षिक प्रतिवेदन माथि छलफल भइ सो प्रतिवेदनलाई समितिबाट सर्वसम्मत पारित गरी सभा समक्ष पेश गर्ने निर्णय गरियो । |

## ६. समितिमा दफावार छलफल भई पारित भएका विधेयकहरु

- कर्णाली प्रदेश सहकारी विधेयक, २०७५
- प्राङ्गारिक कृषिसम्वन्धी व्यवस्था गर्न बनेको विधेयक, २०७५ माथि व्यापक रुपमा छलफल चलिरहेको र सो विधेयकको करिव ९० प्रतिशत कार्य सम्पन्न भइसकेको ।
- कर्णाली प्रदेश सामाजिक संघ संस्था सञ्चालन तथा व्यवस्थापन विधेयक, २०७४ सभाबाट यस समितिमा प्राप्त भएकोमा व्यापक छलफल भई अन्तिम चरणमा रहेको अवस्थामा सो विधेयक प्रदेशको क्षेत्राधिकारभित्र नपर्ने देखिन आएकाले सो विधेयकलाई फिर्ता पठाइएको ।

## ७. समितिले सञ्चालन गरेका केही कार्यक्रमः

१. मिति २०७५ मंसिर ५ गते साञ्जाली होटल, हुम्लामा सामाजिक परम्परा, धार्मिक अन्धविश्वास तथा कुरितीका कारण हुने महिला हिंसासम्वन्धी संसदीय निगरानी कार्यक्रम

२. मिति २०७५ भाद्र १० गतेदेखि १७ गतेसम्म रुकुम(पश्चिम) र जुम्लामा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ सम्वन्धी जनपरामर्श कार्यक्रमको स्थलगत भ्रमण

***मिति २०७५ भाद्र १० गतेदेखि १७ गतेसम्म रुकुम(पश्चिम) र जुम्लामा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ सम्वन्धी जनपरामर्श कार्यक्रमको स्थलगत भ्रमणको संक्षिप्त विवरण***

कर्णाली प्रदेश, प्रदेश सभा अन्तर्गत सामाजिक विकास समितिबाट मिति २०७५ भाद्र ११ गते रुकुम(पश्चिम), चौरजहारी र २०७५ भाद्र १४ गते जुम्ला जिल्लाको खलङ्गामा आयोजित कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ उपर सुझाव संकलन कार्यक्रममा सहभागी भए पछि कर्णाली प्राविधिक शिक्षालय र कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थलगत भ्रमण गरियो । कार्यक्रमको उद्देश्य भूमि व्यवस्था, कृषि तथा सहकारी

मन्त्रालयले मिति २०७५ असार १९ गते प्रदेश सभा सचिवालयमा दर्ता गराएको कर्णाली प्रदेश सहकारी विधेयक, २०७५, २०७५ श्रावण ११ गते सदनमा टेबुल भई २०७५ श्रावण १८ गते सैद्धान्तिक छलफल सकिई २०७५ श्रावण २५ गते सामाजिक विकास समितिमा पठाइएकोमा उक्त विधेयक समितिमा छलफलको क्रममा रहेको हुँदा कर्णाली प्रदेशका सुर्खेत, दैलेख, जाजरकोट, सल्यान, रुकुम(पश्चिम), जुम्ला, मुगु र कालिकोट जिल्लाका जिल्ला सहकारी संघका अध्यक्ष तथा जिल्लाका अगुवा सहकारीकर्मीहरुसंग उक्त विधेयक उपर परामर्श गर्ने रहेको थियो । साथै भ्रमणका क्रममा जनपरामर्श तथा सुझाव संकलनका अतिरिक्त जुम्ला जिल्लामा रहेका कर्णाली विज्ञान स्वास्थ्य प्रतिष्ठान, कर्णाली प्राविधिक शिक्षालयको अनुगमन गर्नुका साथै त्यहाँका पदाधिकारीहरुसंग अन्तरक्रिया समेत गरिएको थियो ।

**कर्णाली प्रदेश सहकारी विधेयक सम्वन्धी सुझाव संकलन कार्यक्रम, रुकुम(पश्चिम), चौरजहारीः**

मिति २०७५ भाद्र ११ गते रुकुम(पश्चिम), चौरजहारीमा कर्णाली प्रदेश, प्रदेश सरकार अन्तर्गत सामाजिक विकास समितिको आयोजना, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको समवन्य तथा यूएनडिपीको सहयोगमा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ सम्वन्धी सुझाव संकलन कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा दैलेख, सुर्खेत, जाजरकोट, सल्यान र रुकुम(पश्चिम)का सहकारीकर्मीहरु संग परामर्श गर्ने भनिएकोमा खराब सडक र मौसमको प्रतिकूलताका कारण सल्यान जिल्लाका सहभागीहरुको उपस्थिति हुन सकेन । दैलेख, सुर्खेत, जाजरकोट, र रुकुम(पश्चिम)का करिब एक सय दश जना सहभागिहरु रहेको कार्यक्रममा सहकारी विभागका पूर्व रजिष्टार सुदर्शन ढकालले कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ का अन्तर्वस्तुका बारेमा जानकारी गराउनुका साथै सहभागीहरुलाई जिल्लागत चार समूहमा विभाजन गरी विधेयकका वारेमा छलफल गराई सामूहिक प्रस्तुतीकरण गराईएको थियो । कार्यक्रम सामाजिक विकास समितिका अध्यक्ष माननीय राजु नेपालीको अध्यक्षतामा तथा माननीय ठम्मर बहादुर विष्ट, माननीय कौशिलावती खत्री, माननीय पद्मा खड्का, माननीय यज्ञ बहादुर बि.सी., माननीय सुशील कुमार थापा, माननीय गोपाल शर्मा, माननीय देवी वली, चौरजहारी नगरपालिकाका प्रमुख, उपप्रमुख, प्रदेश सभा सचिवालयका निमित्त सचिव दिनेश नाथ भट्ट, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका उपसचिव गोपाल बरालको आतिथ्यतामा सम्पन्न भएको थियो ।

**कर्णाली प्रदेश सहकारी विधेयक सम्वन्धी सुझाव संकलन कार्यक्रम, जुम्लाः**

मिति २०७५ भाद्र १४ गते जुम्ला, खलङ्गामा कर्णाली प्रदेश, प्रदेश सरकार अन्तर्गत सामाजिक विकास समितिको आयोजना, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयको समवन्य तथा यूएनडिपीको सहयोगमा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ सम्वन्धी सुझाव संकलन कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रममा कालिकोट, जुम्ला र मुगु जिल्लाका सहकारीकर्मीहरु संग परामर्श गर्ने भनिएकोमा खराब सडक र मौसमको प्रतिकूलताका कारण मुगु जिल्लाका सहभागीहरुको उपस्थिति हुन सकेन । जुम्ला र

कालिकोटका करिब पचास जना सहभागिहरु रहेको कार्यक्रममा सहकारी विभागका पूर्व रजिष्टार सुदर्शन ढकालले कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ का अन्तर्वस्तुका बारेमा जानकारी गराउनुका साथै सहभागीहरुलाई विभिन्न तीन समूहमा विभाजन गरी विधेयकका वारेमा छलफल गराई सामूहिक प्रस्तुतीकरण गराईएको थियो । कार्यक्रम सामाजिक विकास समितिका अध्यक्ष माननीय राजु नेपालीको अध्यक्षतामा तथा माननीय ठम्मर बहादुर विष्ट, माननीय पद्मा खड्का, माननीय यज्ञ बहादुर बि.सी., माननीय सुशील कुमार थापा,जिल्ला समन्वय समितिका संयोजक, प्रमुख जिल्ला अधिकारी, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका अधिकृतद्वय खड्क बहादुर खड्का र दिपक भण्डारीको आतिथ्यतामा सम्पन्न भएको थियो ।

**कर्णाली प्रदेश सहकारी विधेयक सम्वन्धी सुझाव संकलन कार्यक्रम सुर्खेतः**

मिति २०७५ असोज ७ गते सुर्खेतमा कर्णाली प्रदेश, प्रदेश सभा अन्तर्गत सामाजिक विकास समितिको आयोजना, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय र जिल्ला सहकारी संघ, सुर्खेतको समवन्य तथा यूएनडिपीको सहयोगमा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ सम्वन्धी सुझाव संकलन कार्यक्रम संचालन गरिएको थियो । कार्यक्रमको अध्यक्षता कर्णाली प्रदेश, प्रदेश सभा अन्तर्गत सामाजिक विकास समितिका अध्यक्ष माननीय राजु नेपालीले गर्नु भएको थियो भने प्रमुख अतिथी कर्णाली प्रदेश, प्रदेश सभाका सभामुख माननीय राज बहादुर शाही रहनु भएको थियो । करिब एक सय जना सहभागिहरु रहेको कार्यक्रममा सहकारी विभागका पूर्व रजिष्टार सुदर्शन ढकालले विज्ञको रुपमा कर्णाली प्रदेश सहकारी विधेयक, २०७५ का अन्तर्वस्तुका बारेमा जानकारी गराउनुका साथै विधेयकका बारेमा आफ्नो धारणासहितको कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । विज्ञको कार्यपत्र पश्चात सहभागीहरुलाई विषयगत सहकारी संघका आधारमा चार समूहमा विभाजन गरी विधेयकका वारेमा छलफल गराई सामूहिक प्रस्तुतीकरण गराईएको थियो । कार्यक्रम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका मन्त्री माननीय बिमला के.सी., कर्णाली प्रदेश, प्रदेश सभाका उपसभामुख माननीय पुष्पा घर्ती (विष्ट), सामाजिक विकास समितिका सदस्य माननीय यज्ञ बहादुर बि.सी., माननीय कृष्णा शाह (आचार्य), राष्ट्रिय सहकारी महासंघ नेपालका सञ्चालक श्री पदम दाहाल, सहकारी विकास वोर्डका सञ्चालक श्री चाँदनी ढकाल, राष्ट्रिय सहकारी बैंक लिमिटेडका सञ्चालक श्री हरिहरनाथ योगी, नेपस्कुनका केन्द्रीय सदस्य श्री यज्ञप्रसाद ढकाल, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका प्राध्यापक डा. दिपबहादुर रावल, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका सहप्राध्यापक लिलाधर तिवारी, जिल्ला सहकारी संघ, सुर्खेतका अध्यक्ष श्री अमृत वि.सी., यूएनडिपी फिल्ड कार्यालय सुर्खेतका प्रमुख पदम वि.क. को आतिथ्यतामा सम्पन्न भएको थियो ।

## ८. समितिले भोग्नु परेका समस्या र समाधानका उपायहरु

१. बैठक सञ्चालनको लागि आवश्यक पूर्वाधारयूक्त बैठक कक्ष नभएको र बैठकलाई सहजिकरण गर्न आवश्यक मात्रामा कर्मचारीको अभाव ।

२. बजेटको अभावले समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमा स्थलगत अध्यन, अनुगमन गर्न र सरकारलाई दिएका निर्देशन तथा सुझावहरु कार्यान्वयको अबस्था प्रत्यक्ष अबलोकन गर्न नसकिएकोले समितिले मा. अध्यक्षज्यूमार्फत पहल गरी प्रदेश सरकारबाट आवश्यक बजेटको लागि पहल गर्ने ।

३. मा. सदस्य एवं सचिवालयका कर्मचारीहरुको समयानुकूल क्षमता अभिबृद्धि लगायतका विषयमा अवसरहरु उपलब्ध हुन नसकेको सन्दर्भमा स्वदेश तथा बिदेश भ्रमण तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

४. समितिको बैठकमा रेकर्डिंग प्रणाली र प्रत्यक्ष अभिलेखीकरण र सोसम्बन्धी जनशक्तिको अभाव रहेको सन्दर्भमा सचिवालय तथा दातृ निकायको सहयोगसमेतमा समिति सचिवालयलाई आधारभूत सुविधा सम्पन्न तुल्याउने ।

५. समितिका सचिव, मर्यादापालक तथा अन्य सहयोगी कर्मचारीहरूले विहान बेलुका बैठक बस्दा पनि उनीहरूको उत्साहको लागि कुनै किसिमको सुविधा र भत्ताको व्यवस्था नभएकोले सो को लागि पहल गर्ने ।

## ९. उपसंहार

प्रभावकारी समिति प्रणाली, व्यवस्थापन र संचालनबाट लोकतन्त्रको विकाश हुन्छ भन्नेमा दुइमत छैन । हामीहरु संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक संचालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने मा. सदस्यहरुको रुची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एवं सदस्य सबैको समान दायित्व बोध हुनु पर्दछ ।

<u>तयार गर्ने</u>
राजेन्द्र पौडेल
समिति सचिव
सामाजिक विकास समिति

<u>प्रमाणित गर्ने</u>
मा. राजु नेपाली
अध्यक्ष
सामाजिक विकास समिति